अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/१७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः

सि.नं.	प्रतिवादी	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादी **बलराम थापा क्षेत्री** समेत कूल ७ जना (बलराम थापा क्षेत्री,पूजा शर्मा,राम प्रसाद बजगाँई,गणेश कुमार लिम्बु,गणेश बहादुर सोदेम्बा,तेजमान कन्दङ्गवा, र रोशन भट्टराई समेत कूल ७ जना प्रतिवादीहरु भएको, बिशेष अदालतको मुद्दा नं. ०७८-CR-०१३०), बिशेष अदालतबाट फैसला भएको मिति २०८०/११/०१)	गैरकानूनी लाभ हानी पु-र्याई भ्रष्टाचार गरेको ।	प्रस्तुत मुद्दामा देहाय बमोजिमका प्रतिवादीहरु समेत उपर सजायको मागदावी लिइएको अवस्था विद्यमान छः **<u>प्रतिवादीहरु पशुपन्छी बजार प्रबर्द्धन निर्देशनालय, हरिहरभवन, ललितपुरका तत्कालीन समयका कार्यक्रम निर्देशक बलराम थापा क्षेत्री, ,लेखा अधिकृत रामप्रसाद बजगाँई र बरिष्ठ पशु चिकित्सक पूजा शर्माको हकमाः</u>** आ.व.२०७३/०७४ मा पशु हाट बजार निर्माण तथा सुधार कार्यक्रम मार्फत् तेह्रथुम जिल्ला म्याङलुङ नगरपालिका वडा नं. ५ जिरीखिम्ति माझगाँउमा आम्फुवा पशु हाटबजार निर्माण कार्यको दोस्रो वा अन्तिम रनिङ बिलको भुक्तानी स्थलगत अनुगमन र नापजाँच बिना प्रतिवादीहरु बलराम थापा क्षेत्री, राम प्रसाद बजगांई र पूजा शर्माले आफूहरुलाई फाइदा हुने र नेपाल सरकारलाई रु.४७,३७,६२९।६२ (अक्षरेपी सड्चालिस लाख सैंतिस हजार छ सय उनान्तीस र पैसा बैसट्ठी मात्र) हानी पुन्याउने कार्य गर्ने गलत मनसाय राखी बदनियतपूर्ण तवरले निर्माण सम्पन्न गरेको कार्य भन्दा बढी रकम भुक्तानी गरेको देखिएको, सो निर्देशनालयका कार्यक्रम निर्देशक बलराम थापा क्षेत्रीले दोस्रो रनिङ बिलको भुक्तानी दिँदा स्थलगत अनुगमन तथा नाँपजाँच बिना चेकमा हस्ताक्षर गरी भुक्तानी दिएको, वरिष्ठ पशु चिकित्सक पूजा शर्माले दोस्रो रनिङ बिलको नापजाँच र	<u>फैसलाः</u> प्रतिवादीहरुमध्ये प्रतिवादी रोशन भट्टराईको हकमा आरोप मागदावी बमोजिम कसूर ठहर तथा सजाय भएको,प्रतिवादी **तेजमान कन्दङ्गवाको** हकमा आंशिक दावी पुग्ने र अन्य प्रतिवादीहरु **बलराम थापा क्षेत्री, पूजा शर्मा, राम प्रसाद बजगाँई, गणेश कुमार लिम्बु र गणेश बहादुर सोदेम्बालाई** आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएको अवस्था छ, जसमाः **<u>प्रतिवादीहरु पशुपन्छी बजार प्रबर्द्धन निर्देशनालय, हरिहरभवन, ललितपुरका तत्कालीन समयका कार्यक्रम निर्देशक बलराम थापा क्षेत्री, लेखा अधिकृत रामप्रसाद बजगाँई र बरिष्ठ पशु चिकित्सक पूजा शर्माको हकमाः</u>** प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट मिति २०८०।११।०१ मा फैसला हुँदा निज प्रतिवादीहरुले आफूलाई गैरकानूनी लाभ पु-र्याई नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पु-र्याउने बदनियत राखी कार्य गरेको भन्ने वस्तुनिष्ठ प्रमाणहरुबाट देखिन नआएकोले निज प्रतिवादीहरु बलराम थापा क्षेत्री, राम प्रसाद बजागाँई र पूजा शर्मा उपरको आरोपदावी पुग्न नसकि निज प्रतिवादीहरुले आरोपित कसूरबाट **सफाई पाउने ठहर्छ** भन्ने समेत फैसला भएको अवस्था छ। **<u>प्रतिवादीहरु कियाचु कृषि सहकारी संस्था लिमिटेडका तत्कालीन समयका अध्यक्ष गणेश कुमार लिम्बु, व्यवस्थापक तेजमान कन्दङ्वा र</u>**	प्रस्तुत मुद्दाका प्रतिवादी लाईफटाईम ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि.का सञ्चालक रहेका रोशन भट्टराईलाई बिशेष अदालत, काठमाण्डौबाट मिति २०८०।११।०१ गते भएको फैसलामा आरोप मागदावी बमोजिम नै कसूरदार ठहरी ३ (तीन) महिना कैद र रु.१०,०००।— (दश हजार) जरिवाना सजाय हुने फैसला भएकोले निजको हकमा पुनरावेदन जिकिर नलिईएको। क) प्रस्तुत मुद्दाका सम्बन्धमा निज प्रतिवादीहरुले आफूले गरेको कसूर वारदातको सम्बन्धमा हुनसक्ने कानूनी कारबाही र सजायबाट जोगिन तथा उन्मुक्ती लिने मनसायले आरोपित कसूरमा मौकामा तथा अदालत समक्ष गरेको इन्कारी बयानलाई तथा निज प्रतिवादीहरुका साक्षीहरु जो प्रस्तुत मुद्दाको **वारदातको प्रत्यक्षदर्शी समेत होईनन्** र **निर्माण सम्बन्धी विज्ञ समेत होईननले** व्यक्त गरेका बकपत्रको भनाईलाई प्रमुख आधारमानी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले सो हदसम्म बदर भागी छ। ख) प्रस्तुत मुद्दाको मिशिल संलग्न मिति २०७४।२।७ गतेको लिखित सम्झौता पत्र (मिति २०७४।२।७ मा सम्झौता भई २०७४।३।१० मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको) जसमा प्रथम पक्ष अर्थात् पशुपन्छी विकास मन्त्रालय, पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय हरिहरभवन, ललितपुरका तर्फबाट कार्यक्रम निर्देशक डा.बलराम थापा र दोस्रो पक्ष अर्थात् कियाचु कृषि सहकारी संस्था लि.का तर्फबाट तेजमान कन्दङ्गवाले हस्ताक्षर गरेको पुँजीगत अनुदानबाट सञ्चालन गरिने कार्यक्रमको द्विपक्षीय सम्झौता पत्र शीर्षकको सम्झौताको तपशिल खण्डमा स्पष्ट रुपमा उल्लेख गरिएका शर्तहरुमा सम्झौताका **प्रथम पक्षको दायित्व भूमिका र कर्तव्य तथा दोस्रो पक्षको दायित्व भूमिका र कर्तव्य स्पष्ट रुपमा उल्लेख गरेको** देखिंदा देखिंदै सो सम्झौता विपरीत निर्माणकार्य भए गरेको कारण नेपाल सरकारलाई

			स्थलगत अनुगमन नगरी पेश गरेको सिफारिस बमोजिम भुक्तानी दिन मनासिब भनि टिप्पणी पेश गरेको र लेखा अधिकृत रामप्रसाद बजगाँईले नापजाँच तथा स्थलगत प्रतिवेदन विना दोस्रो रनिङ बिलको खर्च भौचर उठाइ चेकमा हस्ताक्षर गरी भुक्तानी दिएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ङ) बमोजिमको कसूर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादीहरु बलराम थापा क्षेत्री, रामप्रसाद बजगाँई र पूजा शर्मालाई विगो रु. ४७,३७,६२९।६२ (अक्षरेपी सड्चालिस लाख सैँतिस हजार छ सय उनान्तीस र पैसा बैसठ्ठी मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय तथा विगो बमोजिम जरिवाना गरिपाउन र नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको विगो रु.४७,३७,६२९।६२ (अक्षरेपी सड्चालिस लाख सैँतिस हजार छ सय उनान्तीस र पैसा बैसठ्ठी मात्र) समेत निज प्रतिवादीहरु बलराम थापा क्षेत्री, रामप्रसाद बजगाँई र पूजा शर्माबाट ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम नै असुल उपर गरिपाउन समेतको मागदावी लिइएको। **<u>प्रतिवादीहरु कियाचु कृषि सहकारी संस्था लिमिटेडका तत्कालीन समयका अध्यक्ष गणेश कुमार लिम्बु, व्यवस्थापक तेजमान कन्दङ्वा र कोषाध्यक्ष गणेश बहादुर सोदेम्बाको हकमा:</u>** आ.व.२०७३/०७४ मा पशु हाटबजार निर्माण तथा सुधार कार्यक्रम मार्फत् तेह्रथुम	**<u>कोषाध्यक्ष गणेश बहादुर सोदेम्बाको हकमा:</u>** प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट मिति २०८०।११।०१ मा फैसला हुँदा निज प्रतिवादीहरुमध्ये कियाचु कृषि सहकारी संस्था लिमिटेडका अध्यक्ष गणेश कुमार लिम्बु र कोषाध्यक्ष गणेश बहादुर सोदेम्बाको हकमा निजहरुले आफूलाई गैरकानूनी लाभ पु-र्याई नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पु-र्याउने बदनियत राखी कार्य गरेको भन्ने वस्तुनिष्ठ प्रमाणहरुबाट देखिन नआएकोले निज प्रतिवादीहरु कियाचु कृषि सहकारी संस्था लिमिटेडका अध्यक्ष गणेश कुमार लिम्बु र कोषाध्यक्ष गणेश बहादुर सोदेम्बा उपरको आरोपदावी पुग्न नसकि निज प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ, अर्का प्रतिवादी कियाचु कृषि सहकारी संस्था लिमिटेडका व्यवस्थापक तेजमान कन्दङ्वाको हकमा सह प्रतिवादीहरु कियाचु कृषि सहकारी संस्था लिमिटेडका अध्यक्ष गणेश कुमार लिम्बु र कोषाध्यक्ष गणेश बहादुर सोदेम्बा र प्रतिवादी रोशन भट्टराई समेतले अदालत समक्ष गरेको प्रतिवादी तेजमान कन्दङ्वा विरुद्धको पोल बयान रहेको, सम्झौतामा पक्ष भई हस्ताक्षर गरेको देखिएको, सम्झौताको शर्त बमोजिम नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकबाट निर्माण सम्बन्धी DPR तयार पारी कार्य सम्पन्न प्रतिवेदन समेत सो प्राविधिकबाट नापजाँच गरी गराई बिल भुक्तानीकालागि पेश गर्नु पर्ने दायित्व निजै प्रतिवादी तेजमान कन्दङ्गवाको रहेको समेतका आधार कारणबाट यी प्रतिवादीले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(४) बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई सोही ऐनको दफा ८(४) बमोजिम बिगो रु.१८,४७,२१९।६४ बराबर	हानिनोक्सानी भएको उल्लेख भएको जानकारी सहितको प्रतिवेदक डा. लेखराज दाहाल समेतको छानविन प्रतिवेदनको व्यहोरा समेतलाई अनदेखागरी भएको सो हद सम्मको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले सो हदसम्म बदर भागी छ। ग) प्रस्तुत मुद्दाका सम्बन्धमा पशुपन्छी विकास मन्त्रालय, पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय हरिहरभवन, ललितपुरका तत्कालीन कार्यक्रम निर्देशक प्रतिवादी डा.बलराम थापा क्षेत्री र सङ्गझौताको दोस्रो पक्ष अर्थात् कियाचु कृषि सहकारी संस्था लि.का तर्फबाट तेजमान कन्दङ्गवाले हस्ताक्षर गरेको **"पुँजीगत अनुदानबाट सञ्चालन गरिने कार्यक्रमको द्विपक्षीय सम्झौता पत्र"**मा स्पष्ट रुपमा निज प्रतिवादीहरुको काम, कर्तव्य, अधिकार र उत्तरदायीत्व समेत स्पष्ट खुल्ने किसिमले शर्तहरु उल्लेख गरेर सोही बमोजिम काम सुरु भएकोमा सो सम्झौताको शर्त विपरीत गएर निज प्रतिवादीहरु आ-आफ्नो कर्तव्यच्यूत भएको कारणबाट नेपाल सरकारलाई हानी नोक्सानी भएको देखिंदा देखिंदै निज प्रतिवादीहरुको काम, कर्तव्य र खेल्नु पर्ने अपेक्षीत भूमिका समेतलाई अनदेखागरी आरोपित कसूरबाट उन्मुक्ति दिने तथा आरोप मागदावी भन्दा फरक कसूर ठहर तथा सजाय गर्ने गरी भएको सम्मानित विशेष अदालतबाट भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले बदरभागी छ । घ) प्रस्तुत मुद्दाका सम्बन्धमा कियाचु कृषि सहकारी संस्था लिमिटेड म्याङलुङ नगरपालिका वडा नं. ५, तेह्रथुम पशु हाटवजार निर्माणमा भएको अनियमितता सम्बन्धमा पशु सेवा विभागबाट गठित **छानविन समितिले मिति २०७५।०५।३१ देखि २०७५।०६।०१ सम्म गरेको स्थलगत अनुगमन गरी बरिष्ठ पशु चिकित्सक डा.लेखराज दाहाल समेतले प्रतिवेदन** पेश गरेकामा सम्झौतामा नेपाल सरकारबाट ७०% र सहकारी संस्थाबाट ३०% लागत साझेदारीमा पशु हाटवजार सम्पन्न गर्नुपर्ने भनिएपनि नेपाल सरकारको रकमबाट मात्र कार्य सम्पन्न गर्ने प्रयास भएको, सम्झौता बमोजिमको सबै रकम भुक्तानी भएको स्वयं संस्थाले जानकारी गराएको, छानविन

			जिल्ला म्याङलुङ नगरपालिका वडा नं. ५ जिरीखिम्ति माझगाँउमा आम्फुवा पशु हाटबजार निर्माण कार्यमा लागत अनुमान रकम रु.१,३९,१३,५९९।१५(अक्षरेपी एक करोड उनान्चालीस लाख तेह्र हजार पाँचसय उनान्सय र पैसा पन्ध्र मात्र) र कार्य सम्पन्न प्रतिवेदनबाट रकम रु.१,२२,१४,७०८।- (अक्षरेपी एक करोड बाइस लाख चौध हजार सातसय आठ मात्र) बराबरको मूल्याङकन भएकोमा यी प्रतिवादीहरुले रु.१,४४,८१,५६९।- (अक्षरेपी एक करोड चौवालिस लाख एकासी हजार पाँच सय उनान्सत्तरी मात्र) बराबरको बिल पेश गरेको देखिएको, फिल्डमा नापजाँच गर्दा रु.७४,९६,२४३।४०(अक्षरेपी चौहत्तर लाख छयानब्बे हजार दुईसय त्रिचालिस र पैसा चालीस मात्र) को मात्र कार्य सम्पन्न भएको हुँदा गर्नु पर्ने काम भन्दा रु.४७,३७,६२९।६२ (अक्षरेपी सड्चालिस लाख सैंतिसहजार छ सय उनान्तीस र पैसा बैसठ्ठी मात्र)को कम कार्य गरेको देखिएकोले आफूहरुलाई फाइदा हुने र नेपाल सरकारलाई हुँदै नभएको कामको गलत मनसाय राखी बदनियतपूर्ण तवरले नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याउने गरी प्रतिवादीहरु तेजमान कन्दङ्वा समेतले बढी बिल भर्पाई पेश गरी सोही विल भर्पाईको आधारमा बढी रकम रु. ४७,३७,६२९।६२ (अक्षरेपी सड्चालिस लाख सैंतिसहजार छसय उनान्तीस र पैसा बैसठ्ठी मात्र) भुक्तानी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) मा परिभाषित कसूर गरेको स-प्रमाण पुष्टि	जरिवाना गरी सो बिगो असुल उपर गर्ने ठहर्छ भन्ने समेत व्यहोराको फैसला भएको अवस्था छ। **<u>प्रतिवादी LIFE TIME ENGINEERING SOLUTION PVT. LTD., KATHMANDU का सञ्चालक रोशन भट्टराईको हकमा:</u>** प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट मिति २०८०।११।०१ मा फैसला हुँदा निज प्रतिवादी लाईफटाईम ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि.का सञ्चालक रहेका रोशन भट्टराईले सिभिल ईन्जिनियरले गर्नुपर्ने काम ईलेक्ट्रिकल ईन्जिनियर भई गर्नु कानूनी र व्यवहारीक दुवै दृष्टिकोणले गलत कार्य हो, यस्तो कार्य कानूनी हिसाबले दण्डनीय हुने तथा निजले आयोजनाको DPR र कार्य सम्पन्न Running Bill प्रमाणित गराई पेश गरेको सोही कागजातको आधारमा प्रथम पक्षबाट बिल भुक्तानी भएको देखिएबाट सरकारलाई हानी नोक्सानी भएको समेतका आधारबाट निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर गरेको देखिन आएकोले निज प्रतिवादीलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम ३ (तीन) महिना कैद र रु.१०,०००।— (दश हजार) जरिवाना हुने ठहर्छ भन्ने समेत फैसला भएको अवस्था छ। **<u>विशेष अदालतले फैसला गर्दा लिईएका आधारहरु:</u>** प्रस्तुत मुद्दामा सम्मानित बिशेष अदालत, काठमाण्डौबाट प्रस्तुत मुद्दाका कूल ७ जना प्रतिवादीहरुमध्ये १ जना प्रतिवादीको हकमा आरोप मागदावी बमोजिम नै कसूर ठहर तथा सजाय हुने, अर्का १ जना प्रतिवादीको हकमा	समितिलाई प्राप्त निर्माण कार्यको Abstract of Cost मा ईन्जिनियरिङ कम्पनी र छाप भएको तर साझेदार संस्थाको आधिकारिक व्यक्तिको छाप र दस्तखत नभेटिएको पाईएकोले ईन्जिनियरिङ कम्पनीको विश्वसनियतामा प्रश्नचिन्ह रहेको, मिति २०७५/०५/३१ गतेसम्म करिव ७०% कार्य भएको अनुमान रहेको, अन्तिम भुक्तानी लिनेवेला सम्झौता बमोजिमको कार्य भईरहेको र **पूर्ण रुपमा सम्पन्न नभएको**, सम्झौता बमोजिम कियाचु कृषि सहकारी लिमिटेडबाट सहकार्य वापतको रकम निकासा गर्न नसकेको भन्ने समेतका विवरण सहितको छानविन प्रतिवेदनबाट देखिएको, साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनबाट निज प्रतिवादीहरुले रु.४७,३७,६२९।६२ (अक्षरेपी सड्चालिस लाख सैंतिस हजार छ सय उनान्तिस र पैस बैसठ्ठी मात्र) यथार्थमा फिल्डमा भए गरेको काम भन्दा बढी मूल्यांकन गरी गराई बदनियतपूर्वक भुक्तानी दिई लिई नेपाल सरकारलाई हानीनोक्सानी गराएको बस्तुनिष्ठ प्रमाण र आधार समेतलाई अनदेखा गरी भएको सुरु बिशेष अदालतको फैसला त्रुटिपुर्ण भएकोले सो हदसम्म बदरभागी छ। ङ) यसैगरी, प्रतिवादीहरु कियाचु कृषि सहकारी संस्था लिमिटेड म्याङलुङ नगरपालिका वडा नं. ५, तेह्रथुमका पदाधिकारीहरु र पशुपंक्षी विकास मन्त्रालय, पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालय हरिहरभवन, ललितपुरका कर्मचारीहरु समेतको मिलेमतोमा आफ्नो कर्तव्य तथा उत्तरदायित्व र सम्झौताको शर्त बन्देज विपरीत गई नभए नगरेको कामको समेत गलत प्रतिवेदनगरी वदनियतपूर्वक तथा मनासिव कारण विना नै निर्धारित शर्त तथा मापदण्ड विपरित निर्माण कार्य गर्ने गराउने र त्यस्तो निर्माण कार्यलाई शर्त तथा मापदण्ड बमोजिम भएको हो भनि प्रमाणित गरी गराई निज प्रतिवादीहरुले **रु.४७,३७,६२९।६२**(अक्षरेपी सड्चालिस लाख सैंतिस हजार छ सय उनान्तिस र पैसा बैसठ्ठी मात्र) बरावरले वास्तविक भए गरेको काम भन्दा बढि काम भए गरेको देखाई कलुषित मनसाय राखी वदनियतपूर्वक निर्माण कार्य गरी गराई भुक्तानी समेत लिए दिएको देखिंदा देखिंदै

			हुन आएकोले निज प्रतिवादीहरु तेजमान कन्दङ्वा, गणेश बहादुर सोदेम्बा र गणेश कुमार लिम्बुलाई रु.४७,३७,६२९।६२ (अक्षरेपी सड्चालिस लाख सैंतिसहजार छसय उनान्तीस र पैसा बैसठ्ठी मात्र) विगो कायम गरी ऐ.ऐनको दफा ८(४)बमोजिम कैद सजाय गरी पाउन र नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको विगो रु.४७,३७,६२९।६२(अक्षरेपी सड्चालिस लाख सैंतिसहजार छसय उनान्तीस र पैसा बैसठ्ठी मात्र) बमोजिम जरिवाना गरी बढी भुक्तानी लिएको विगो रु.४७,३७,६२९।६२(अक्षरेपी सड्चालिस लाख सैंतिसहजार छ सय उनान्तीस र पैसा बैसठ्ठी मात्र) ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम निज प्रतिवादीहरु तेजमान कन्दङ्वा, गणेश बहादुर सोदेम्बा र गणेश कुमार लिम्बुबाट जफत गरिपाउन समेतको मागदावी लिइएको । **<u>प्रतिवादी LIFE TIME ENGINEERING SOLUTION PVT. LTD., KATHMANDU का सञ्चालक रोशन भट्टराईको हकमा:</u>** आ.व.२०७३/०७४ मा पशु हाटबजार निर्माण तथा सुधार कार्यक्रम मार्फत् तेह्रथुम जिल्ला म्याङलुङ नगरपालिका वडा नं. ५ जिरीखिम्ति माझगाँउमा आम्फुवा पशु हाटबजार निर्माण कार्यमा वास्तविक भए गरेको काम भन्दा बढी काम गरेको कार्यसम्पन्न मूल्याङ्कन प्रतिवेदन बनाई बदनियतपूर्ण तरिकाले आफूहरुलाई फाइदा हुने र नेपाल सरकारलाई हानी पुऱ्याउने गरी भए गरेको कुरा लुकाई नगरेको कुरा गरेको	आंशिक दावी पुग्ने र अन्य ५ जना प्रतिवादीहरुले प्रस्तुत मुद्दाको आरोपित कसूरबाट सफाई पाउने समेत ठहरी फैसला गर्दा लिईएका आधार तथा कारणहरु देहाय बमोजिम रहेका छन्: क) प्रस्तुत मुद्दाको सम्बन्धमा प्रतिवादीहरु बलराम थापा, पूजा शर्मा, रामप्रसाद बजगाँई, गणेश कुमार लिम्बु, गणेश बहादुर सोदेम्बा समेतले आरोपित कसूरको सम्बन्धमा **इन्कारी बयान गरेका** तथा निजहरुको ईन्कारी बयान व्यहोरा मनासिव नै देखिएको र सो बयानलाई निजका **साक्षीहरुले पुष्टि हुने गरी अदालतमा बकपत्र गरेको** हुँदा प्रतिवादीको जिकिर मनासिव नै देखिएको । ख) कियाचु कृषि सहकारी संस्था लिमिटेडका व्यवस्थापक **तेजमान कन्दङ्वाको** हकमा सबै अधिकार निज व्यवस्थापकलाई नै प्रत्यायोजन गरेको तथ्य स्थापित भएको, सह प्रतिवादीहरुले अदालत समक्ष निजको विरुद्ध पोल बयान गरेका, निजले सम्झौतामा पक्ष भई हस्ताक्षर गरेको देखिएको । ग) यसैगरी निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ बमोजिम गैरकानूनी लाभ वा हानि	सो बस्तुनिष्ठ प्रमाणलाई समेत अनदेखा गरी नेपाल सरकारलाई हानी नोक्सानी भएको स्पष्ट देखिंदा देखिंदै **कुनै बस्तुनिष्ठ प्रमाण नदेखिएको** भन्ने समेत आधारमा निज प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने गरी तथा प्रतिवादी तेजमान कन्दङ्वाको हकमा कसूर ठहर गरी सजाय गर्दा विगो **रु.४७,३७,६२९।६२**(अक्षरेपी सड्चालिस लाख सैंतिस हजार छ सय उनान्तिस र पैसा बैसठ्ठी मात्र) बरावर कायम गर्नु पर्नेमा सो नगरी आरोप मागदावी भन्दा फरक तथा घटी रकम रु.१८,४७,२१९।६४ (अक्षरेपी अठार लाख सड्चालिस हजार दुईसय उन्नाईस र पैसा चौंसठ्ठी मात्र) कायम गरी भएको सम्मानित विशेष अदालतको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले सो हदसम्म वदर भागी छ।

			भनि गलत प्रतिवेदन दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर गरेको स-प्रमाण पुष्टि हुन आएकोले प्रतिवादी LIFE TIME ENGINEERING SOLUTION PVT. LTD., KATHMANDU का सञ्चालक रोशन भट्टराईलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय गरीपाउन समेतको मागदावी लिइएको ।	पुऱ्याउने बदनियतले काम गरेको अवस्था के कस्तो आधार प्रमाणले पुष्टि गर्छ भन्ने **वस्तुनिष्ठ प्रमाण सरकारी अभियोक्ताले प्रस्तुत गर्न नसकेको ।** घ) प्रतिवादीहरुले उक्त सहकारी निजी संस्थासँग मिलेमतो गरी आफ्नो ओहदाको दुरुपयोग (Abuse of Function) र आपसी मिलेमतो (Collusion) प्रमाणित हुने कुनै कार्य गरेको सुस्पष्ट, शंकारहित प्रमाण वादी पक्षबाट पेश भएको नदेखिएको। ङ) प्रस्तुत मुद्दाका सम्बन्धमा प्रतिवादी तेजमान कन्द्ङवाले प्रतिवादी रोशन भट्टराइको सहयोगमा बदनियतपूर्वक कागजात तयार पारी रकम भुक्तानी गर्न गराउन **भूमिका खेलेको** देखिएको।	